जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर !!-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १८४ • २०८३ बैशाख १२ गते शनिवार • 25 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-




## मटिहानीमा टोल विकास संस्थाका पदाधिकारीहरूका लागि क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न

मो. इर्शाद
महोत्तरी, ११ बैशाख




मटिहानी, महोत्तरीको मटिहानीमा टोल विकास संस्थाहरूको प्रभावकारिता बढाउने उद्देश्यका साथ एक विशेष अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । 'शान्त र समावेशी समुदायका लागि सशक्तीकरण' भन्ने मुख्य नाराका साथ आयोजित उक्त कार्यक्रमले स्थानीय विकासमा नागरिक सहभागितालाई जोड दिएको छ।

मटिहानीस्थित श्री राम माध्यमिक विद्यालयको सभाहलमा आयोजित कार्यक्रममा नवगठित तीनवटा टोल विकास संस्थाका पदाधिकारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा मटिहानी नगरपालिकाका विभिन्न वडाका पदाधिकारीहरूको उपस्थिति थियो: कार्यक्रममा सहभागी तीनवटा टोल विकास संस्थाहरू यस प्रकार छन् : डिहिबार टोल विकास संस्था ( वडा नं. ९, बहुअर्वा टोल) बरदाहा टोल विकास संस्था (वडा नं. २, बरदाहा टोल) भगवती टोल विकास संस्था (वडा नं. ६, भगवती टोल) रुसपोर्ट नेपाल ( SUPPORT NEPAL) को आयोजना तथा KURVE Wustrow को सहयोगमा सञ्चालन भएको यस कार्यक्रमको मुख्य उद्देश्य नवगठित संस्थाहरूलाई संस्थागत रूपमा बलियो बनाउनु रहेको थियो ।

कार्यक्रममा ४० जना पदाधिकारीहरूलाई संस्था सञ्चालन गर्ने कानुनी प्रक्रिया, योजना तर्जुमा गर्ने विधि र स्थानीय विकासमा टोल विकास संस्थाको भूमिकाका बारेमा विस्तृत प्रशिक्षण दिइएको थियो ।

कार्यक्रममा सपोर्ट नेपालका सल्लाहकार रोशना खड्का, धनुषा संयोजक शत्रुधन महतो र महोत्तरी संयोजक प्रकाश ठाकुर लगायतको उपस्थिति रहेको थियो । उपस्थित वक्ताहरूले टोल स्तरबाटै विकासका योजनाहरू छनोट गरी कार्यान्वयनमा लैजान सके मात्र वास्तविक रूपमा समुदायको सशक्तीकरण हुने धारणा व्यक्त गर्नुभयो ।

स्थानीय स्तरमा सुशासन र विकासका लागि टोल विकास संस्थाहरूको भूमिका महत्वपूर्ण हुने विश्वासका साथ कार्यक्रम समापन गरिएको थियो ।

## युथ एसोसिएसन अफ नेपालद्वारा मधेशी आयोगमार्फत सरकारको ध्यानाकर्षण



जलेश्वरटुडे समाचारदाता
धनुषा, ११ बैशाख

मधेशमा लागू गरिएको भन्सार नीतिले सर्वसाधारणको दैनिकीमा प्रत्यक्ष असर पारेको भन्दै युथ एसोसिएसन अफ नेपालले मधेशी आयोगमार्फत सरकारको ध्यानाकर्षण गराएको छ ।

यानका अध्यक्ष राहुलराज यादवको नेतृत्वमा शुक्रबार बुझाइएको ज्ञापनपत्रमा १०० रुपैयाँभन्दा माथिको सामानमा भन्सार लगाउने वर्तमान व्यवस्था अव्यवहारिक भएको उल्लेख गरिएको छ। बढ्दो महँगीका बीच यस्तो नीतिले गरिब, मजदुर, किसान तथा सीमान्तकृत समुदायलाई थप मारमा पारेको यानको दाबी छ ।

ज्ञापनपत्रमा मधेशको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्था अन्य क्षेत्रभन्दा फरक रहेको उल्लेख गर्दै यहाँका नागरिकहरू वर्षौंदेखि सीमावर्ती भारतीय बजारमा निर्भर रहँदै आएको जनाइएको छ । यस्ता समुदायका लागि साना परिमाणका दैनिक उपभोग्य सामग्रीमासमेत भन्सार तिर्नुपर्ने बाध्यता अन्यायपूर्ण भएको संगठनले जनाएको छ ।

यानले मिथिला क्षेत्रको 'रोटी-बेटी' सम्बन्ध, विवाह, चाडपर्व तथा धार्मिक गतिविधिसँग जोडिएका सामानमासमेत कर लगाइनु सांस्कृतिक अधिकार माथिको हस्तक्षेप भएको आरोप लगाएको छ । विशेषगरी दलित तथा विपन्न समुदायमाथि यसले गम्भीर असर पारिरहेको बताइएको छ ।





GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme
33 Years of Academic Excellence



स्वास्थ्यमा ध्यान दिऔं ।

- सन्तुलित र पोषणयुक्त खाना खाऔं,
- नियमित योग, ध्यान, व्यायाम र हिंडडुल गरौं,
- शारीरिक क्रियाकलापमा सक्रिय बनौं,
- सरसफाइमा विशेष ध्यान दिऔं,
- बालबालिकालाई समयमै खोप लगाऔं,
- नियमित स्वास्थ्य परीक्षण गरौं,
- धुम्रपान, मदिरा तथा लागूपदार्थको प्रयोग नगरौं,
- प्रशस्त मात्रामा पानी पिउने गरौं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं,
- स्वास्थ्यसम्बन्धी जानकारी आधिकारिक श्रोतबाट लिऔं ।

स्वस्थ जीवनशैली अपनाऔं, स्वस्थ बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




# आमा–अनन्त करुणाको प्रतीक

*आमा, तिमी सृष्टिको पावनतम अभिव्यक्ति हौ,*

*अनन्त ममताको अमूल्य परिभाषा हौ ।*

*तिम्रो स्नेहिल स्पर्शले जीवन आलोकित बन्छ,*

*तिम्रो छायाँमा हर क्षण सुरक्षित अनुभव हुन्छ ।*

*****

*तिम्रो त्याग, तपस्या र निस्वार्थ समर्पण,*

*शब्दहरूमा व्यक्त गर्न असम्भव एक दर्शन ।*

*आँशुका प्रत्येक थोपामा तिम्रो वेदना लुकेको,*

*मुस्कानभित्रै अपार सहनशीलता सजिएको ।*

*****

*मेरो अस्तित्वको मूलाधार तिमी नै हौ,*

*प्रत्येक सफलताको आधारस्तम्भ तिमी नै हौ ।*

*आफ्ना आकांक्षाहरू विसर्जन गरी,*

*मेरो भविष्य निर्माण गर्ने महान आत्मा तिमी हौ ।*

*****

*हे आमा, तिमी करुणा, श्रद्धा र विश्वासको संगम हौ,*

*जीवनपथको अविचलित दीपस्तम्भ हौ ।*

*यो नश्वर शब्दहरूले तिम्रो महिमा समेट्न सक्दैनन्,*

*तिमी बिना मेरो अस्तित्व पूर्ण हुन सक्दैन ।*

**जीजीविशा (सावरी)**

# महोत्तरीमा ह्वीलचेयर वितरण कार्यक्रम सम्पन्न

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ११ बैशाख**

अपांगता भएका व्यक्तिहरूलाई सहयोग गर्ने उद्देश्यले महोत्तरीमा ह्वीलचेयर वितरण कार्यक्रम सम्पन्न भएको छ। नेपाल-भारत महिला मैत्री समाजको आयोजनामा तथा सशस्त्र प्रहरी बल नेपाल नं. ९ गण हेडक्वाटर महोत्तरीको समन्वयमा कार्यक्रम आयोजना गरिएको हो ।



शुक्रबार आयोजित कार्यक्रममा सोनमा गाउँपालिका-३ रधुनाथपुरस्थित ने.राष्ट्रिय आधारभूत विद्यालयमा कार्यक्रम सम्पन्न भयेकोछ। सम्सी गाउँपालिका तथा सोनमा गाउँपालिका का अपांगता भएका व्यक्तिहरूलाई १६ ह्वीलचेयर वितरण गरिएको आयोजकले जनाएको छ। नेपाल-भारत महिला मैत्री समाजकी अध्यक्ष तथा पूर्व संघीय मन्त्री चन्दा चौधरीको पहलमा समाजले निरन्तर सामाजिक कार्य गर्दै आएको छ । ह्वीलचेयर वितरणसँगै अपांगता भएका व्यक्तिहरूको दैनिकी सहज बनाउने र जीवनस्तर सुधारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । उक्त ह्ववीलचेयर कार्यक्रममा सम्सी गा.पा. उपाध्यक्ष श्रीमित अनिता कुमारीको अध्यक्षतामा र संस्थाको अध्यक्ष तथा संघीय पूर्व मन्त्री चन्दा चौधरीको प्रमुख अतिथि मा विशिष्ट अतिथिमा महोत्तरी जिल्ला सशस्त्र प्रहरी बल को S.P. श्री शेर बहादुर अधिकारी अतिथिहरूमा रघनाथपुर गुल्माका D.S.P. गणेश दत्त पाण्डे ,सोनमा गा.पा. वडा ३ अध्यक्ष प्रमोद कुमार सहनी, Insp. कृष्ण गिरि खैरबनी D.P. insp. रवीन्द्र खाड्का नेपाल प्रहरी क्ष ओम प्रकाश मंडल ने.रा.अधारभुत विधालय प्र.अ राज किशोर साह अपाङ्ग महासंघ मधेश प्रदेश सदस्य श्येव विशविर पत्रकार घनश्याम मिश्र अतिथिहरुको उपस्थितमा कार्यक्रम सम्पन्न भयो । साथै यश संस्थाले विगत १३ वर्ष देखि नेपाल भारत मैत्री सम्बन्ध, समाजिक कार्य भुकम्प , बाढी पहिरो , covid र बाल विवह तथा दाइजो प्र्था विरूद्ध जस्ता विभिन्न कार्यक्रमहरू गर्दैआईरहेको छ ।

# जनकपुर साहित्य महोत्सवको सातौं संस्करणको आयोजना




**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ११ बैशाख**

जनकपुर साहित्य महोत्सवको सातौं संस्करण आगामी जेठ १ देखि ३ गतेसम्म जनकपुरधामस्थित निधि भवनमा आयोजना हुने भएको छ ।

नव मिथिला फाउन्डेसनले शुक्रबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै महोत्सवको औपचारिक मिति घोषणा गरेको हो । यसअघि २०८२ सालको माघ २२ देखि २४ गतेसम्म महोत्सव गर्ने तयारी गरिएको भए पनि देशमा विकसित असामान्य परिस्थिति तथा प्रतिनिधिसभा निर्वाचनका कारण निर्धारित मिति परिवर्तन गर्नुपरेको आयोजकले जनाएको छ । तथापि, महोत्सवको निरन्तरता कायम राख्दै कार्यक्रम जेठमा आयोजना गर्न लागिएको फाउन्डेसनले स्पष्ट पारेको छ । फाउन्डेसनका अध्यक्ष अमित साहका अनुसार साहित्य, भाषा र संस्कृतिको प्रवर्द्धनमा महोत्सवले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । उनका अनुसार महोत्सवमा साहित्यिक तथा सांस्कृतिक पहिचानसँगै समसामयिक राजनीति, समाज, अर्थतन्त्र, सुशासन, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता विषयमासमेत छलफल हुने गरेको छ । उनले महोत्सवले स्थानीय प्रतिभालाई उजागर गर्ने मात्र नभई बाहिरी क्षेत्रका साहित्यकार तथा संस्कृतिकर्मीलाई जनकपुरधामसँग परिचित गराउने महत्वपूर्ण मञ्चको रूपमा काम गर्दै आएको बताए ।

# बालेन शाह प्रधानमन्त्री बनेपछि तौल बराबरको लड्डु चढाए



**प्रमेश्वर साह**
**धनुषा, ११ बैशाख**

धनुषाको सबैला नगरपालिका-१० खरिहानीका एक सामान्य व्यवसायी तथा समाजसेवी कुलदिप महतोले आफ्नो भाकल पूरा गर्दै तौल बराबरको लड्डु चढाएका छन् । उनले काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) देशको प्रधानमन्त्री बनेपछि यस्तो भाकल गरेका थिए ।

स्थानीय सन्तोषी माताको मन्दिरमा पुगेर उनले विधिपूर्वक पूजा गर्दै लड्डु चढाएका हुन् । कुलदिप महतोका अनुसार मधेसी समुदायबाट इन्जिनियर पृष्ठभूमिका युवा देशको नेतृत्वमा पुगेको देख्न पाउँदा आफू अत्यन्त खुशी भएको बताए ।

उनले भने,"देशमा नयाँ सोच र इमानदार नेतृत्वको आवश्यकता छ । बालेन प्रधानमन्त्री बनेपछि मेरो लागि यो क्षण विशेष बनेको छ, त्यसैले मैले गरेको भाकल पूरा गरेको हुँ ।" उक्त कार्यक्रममा नागरिक समाज, युवा, महिला तथा स्थानीय नेताहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना

वृष: विचार गरेर बोल्नुहोला

मिथून: लामो यात्राको योग छ

कर्कट: पिछडेको साथी मिल्ने

सिंह: मनमा पछुतो आउने

कन्या: अनावश्यक चिन्ता

तुला: खानपानमा समस्या आउने

वृश्चिक: आम्दानी हुने

धनु: मित्रतामा फाटो आउने

मकर: पढाईमा ध्यान दिनुपर्ने

कूम्भ: अशुभ समाचार प्राप्त हुने

मीन: शुभ कार्यको शुरुवात


## मधेश प्रदेशको गौरव



**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| विहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पुजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा




| | |
|---|---|
| विहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पुजा आरती साँझ | :०७:३० बजे |

# ईयूले गऱ्यो युक्रेनका लागि ९० अर्ब युरोको ऋण स्वीकृत

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ बैशाख**



युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले युक्रेनका लागि ९० अर्ब युरो (१०५ अर्ब डलर) को ऋण स्वीकृत गर्ने निर्णयको बिहीबार स्वागत गरे । हङ्गेरीका निवर्तमान प्रधानमन्त्री भिक्टर ओर्बानको कडा अडानका कारण लामो समयदेखि रोकिएको यो वित्तीय सहयोग अन्ततः दुई वर्षका लागि खुला गरिएको हो ।

राष्ट्रपति जेलेन्स्कीले यसलाई युक्रेनको रक्षा र युरोपेली सङ्घ (ईयू)सँगको सम्बन्धका लागि एक ऐतिहासिक दिनका रूपमा चित्रण गरे। चार वर्षभन्दा लामो समयदेखि जारी युद्धका बीच युक्रेनले यति ठूलो वित्तीय निश्चितता प्राप्त गर्नु अत्यन्तै महत्त्वपूर्ण रहेको बताउँदै उनले ऋणको पहिलो किस्ता आगामी मे वा जुनसम्ममा वितरण गर्न आग्रह गरे ।

यो रकमलाई युक्रेनले रणनीतिक क्षेत्रहरूमा खर्च गर्ने योजना बनाएको छ। जेलेन्स्कीका अनुसार यो पैसा स्वदेशमै हतियार उत्पादन गर्न, साझेदार राष्ट्रहरूबाट अत्याधुनिक हतियारहरू खरिद गर्न र रुसी आक्रमणबाट ध्वस्त भएका ऊर्जा क्षेत्रको पुनःनिर्माणमा परिचालन गरिनेछ ।

रूसले हिउँदभर युक्रेनका पावर ग्रिड र ऊर्जा उत्पादन केन्द्रहरूमा निरन्तर आक्रमण गरी लाखौं नागरिकलाई चिसो र अँध्यारोमा जीवन बिताउन बाध्य पारेकाले आगामी जाडोअघि नै ऊर्जा पूर्वाधार बलियो बनाउनु युक्रेनका लागि प्राथमिकताको विषय बनेको छ। युक्रेनका कतिपय गाउँ र शहरमा तापक्रम माइनस २० डिग्री सेल्सियससम्म पुग्ने गर्छ ।

युक्रेनका ऊर्जा मन्त्री डेनिस श्मीगलले पनि यो आर्थिक स्रोतले देशको बिजुली प्रणालीलाई कायम राख्न, महत्त्वपूर्ण पूर्वाधारको रक्षा गर्न र पुनःनिर्माणको कामलाई तीव्रता दिन ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गरे। यो युरोपेली सहयोगले युद्धको बीचमा युक्रेनको सैन्य र मानवीय दुवै पक्षलाई ठूलो राहत दिने देखिएको छ ।

# रेखाको 'माया भनेकै यस्तो होला' भदौमा रिलिज हुने

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ बैशाख**



अभिनेत्री रेखा थापाको निर्देशन रहेको फिल्म 'माया भनेकै यस्तो होला' आगामी भदौ २६ गतेबाट प्रदर्शनमा आउने भएको छ। निर्माण पक्ष र वितरकहरूबिच भएको आपसी सहमति र सम्झौता अनुसार फिल्म यो मितिमा रिलिज गर्न लागिएको वितरक करण श्रेष्ठले बताए ।

उनले भने 'तीजको विशेष अवसर पारेर कुशे औँसी (बुबाको मुख हेर्ने दिन) फिल्म आउनेछ।' फिल्मको वितरण रीच इन्टरटेन्मेन्ट, एप्पल इन्टरटेन्मेन्ट र एफडी कम्पनीले जिम्मा लिएका छन् । रेखाले यसै फिल्म मार्फत ८ वर्षपछि निर्देशनमा पुनरागमन गरेकी हुन्। यसअघि 'हिम्मतवाली' र 'मालिका' जस्ता सफल फिल्मको निर्देशन गरिसकेकी रेखाको यो तेस्रो हो । फिल्ममा मदनकृष्ण श्रेष्ठ, दिल श्रेष्ठसँगै पूर्व मिस नेपालहरू सृष्टि श्रेष्ठ, नम्रता श्रेष्ठ र पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाहको मुख्य भूमिका छ । विशेष भूमिकामा पूर्वमिस नेपाल उषा खड्गीले पनि अभिनय गरेकी छन् ।

'दिया एण्ड अमु फिल्मस्' को ब्यानरमा निर्माण भएको फिल्ममा लक्ष्मी गिरी, विशाल पहाडी, संगम भण्डारी, रवि डंगोल, सुनिता श्रेष्ठ र विनोद पौडेल लगायतको अभिनय छ ।

फिल्मका निर्माता हरि नारायण श्रेष्ठ र माया देवी श्रेष्ठ हुन् । ध्रुव लम्सालको पटकथा लेखन रहेको फिल्ममा सुदीप बरालको छायाङ्कन छ ।

# राष्ट्र बैंकले एक खर्ब २० अर्ब निक्षेप संकलन गर्दै

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ बैशाख**



नेपाल राष्ट्र बैंकले बैंकिङ प्रणालीमा रहेको अधिक तरलता व्यवस्थापन गर्न १ खर्ब २० अर्ब रुपैयाँ बराबरको निक्षेप संकलन गर्ने भएको छ। केन्द्रीय बैंकले १९ दिनका लागि उक्त रकम खिच्न बोलकबोल आह्वान गर्दै वित्तीय बजारमा सन्तुलन कायम गर्न खोजेको हो ।

यो प्रक्रियामा राष्ट्र बैंकबाट इजाजतप्राप्त 'क', 'ख' र 'ग' वर्गका बैंक तथा वित्तीय संस्थाहरू मात्र सहभागी हुन पाउनेछन्। निक्षेप संकलनका लागि अनलाइन खरिद प्रणालीमार्फत आजै बोलकबोल हुने र यसको ब्याजदर पनि बोलकबोलकै माध्यमबाट निर्धारण गरिने बैंकले जनाएको छ। रकम बाँडफाँट गर्दा सबैभन्दा कम ब्याजदर प्रस्ताव गर्ने संस्थाहरूलाई प्राथमिकतामा राखिनेछ । सहभागी हुन चाहने संस्थाहरूले न्यूनतम १० करोड रुपैयाँ र अधिकतम ५ करोडले भाग जाने गरी कुल आह्वान रकमसम्मका लागि बोल दिन सक्नेछन् । यसरी संकलन गरिएको निक्षेपको सावाँ तथा ब्याज भुक्तानी २०८३ वैशाख ३० गते गरिने जानकारी राष्ट्र बैंकले दिएको छ ।

बैंकहरूमा निक्षेप चुलिँदै गएको र लगानीका क्षेत्रहरू सुस्त देखिएकाले बजार ब्याजदरलाई व्यवस्थित बनाउन केन्द्रीय बैंकले खुला बजार कारोबार कार्यविधिअनुसार यो कदम चालेको हो । यसअघि पनि राष्ट्र बैंकले वित्तीय प्रणालीको अधिक तरलता खिच्न निक्षेप संकलन उपकरण र स्थायी निक्षेप सुविधाहरूको पटकपटक प्रयोग गर्दै आएको थियो ।

# लिग टु को दुई महत्वपूर्ण सिरिज खेल्दै नेपाल, घरेलु मैदानमा नतिजा ल्याउने चुनौती

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ बैशाख**



आईसीसी क्रिकेट विश्वकप लिग टु को अघिल्लो साइकलमा नेपालले चमत्कार गर्दै अविश्वसनिय रुपमा अन्तिम १२ मध्ये ११ खेल जितेर एकदिवसीय विश्वकपको अन्तिम छनोटमा स्थान पक्का गर्दै एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) मान्यता पनि जोगाएको थियो ।

त्यसबेला नेपालले अन्तिम तीन शृंखलामध्ये दुई शृंखला घरमा खेलेको थियो र दुई शृंखलाको सबै ८ खेल नै जितेको थियो । जसमा नेपालले बलियो टोली स्कटल्यान्ड विरुद्ध घरेलु मैदानमा जित हात पारेको थियो । नयाँ प्रशिक्षक मोन्टी देसाईको आगमन र युवा कप्तान रोहित पौडेल नेतृत्वको नेपाली टोलीको गजब्बको कम्बिनेसमा नेपालले शानदार प्रदर्शन गरेको थियो । त्यसको चर्चा अन्तर्राष्ट्रिय क्रिकेट जगतमा पनि निकै समयसम्म भएको थियो। अहिले नेपाल लिग टु मा फेरि त्यही पुरानै स्थितिमा छ अझ त्यो भन्दा पनि कठिन अवस्थामा । तर अहिले नेपाली क्रिकेटमा धेरै कुरा फेरिइसकेको छ। त्यसयता नेपालले आईसीसी टी-२० विश्वकपमा छनोट हुँदै तेस्रो पटक टी-२० विश्वकप खेलिसकेको छ । नेपालको घर मानिने कीर्तिपुरको टीयु अन्तर्राष्ट्रिय मैदानको स्तरोन्नती भएर रंगशाला बनिसकेको छ र फ्लडलाइट जडान भइसकेको छ । यस्तै टीयू मैदानमा फ्लडलाइटमुनि रातको समयमा ऐतिहासिक टी-२०आई सिरिज आयोजना भइसकेको छ। नेपालले ओडिआई र टी२०आईमा फरक कप्तान देखि फरक टोली बनाएर खेल्न थालिसकेको छ ।

यद्यपी नेपालको मुख्य सपना अझै बाँकी नै छ। टी-२० जस्तै एकिदिसीय विश्वकप खेल्ने, ओडीआई मान्यता जोगाइराख्ने अनि भविष्यमा सेतो जर्सी लगाएर टेस्ट क्रिकेट खेल्ने ।

# जनकपुरमा खेल प्रशिक्षकहरूको क्षमता विकास तालीम सुरु

**रेविता कुमारी**
**जनकपुरधाम, ११ बैशाख**



"खेलि मधेश, जिती मधेश" भन्ने नारासहित मधेश खेलकुद परिषद्को आयोजनामा खेल प्रशिक्षकहरूको ७ दिने क्षमता विकास तालीम जनकपुरधाममा सुरु भएको छ ।

कार्यक्रमको उद्घाटन सत्रमा परिषद्का सदस्य-सचिव शिवजी प्रसाद कानुले खेलाडी तथा प्रशिक्षकहरू लाई पोशाक हस्तान्तरण गर्नुभयो । सो अवसरमा उहाँले खेलकुदलाई केवल प्रतिस्पर्धाको माध्यम नभई अनुशासन, आत्मविश्वास र प्रदेशको पहिचानसँग जोडिएको क्षेत्र भएको उल्लेख गर्नुभयो । "मधेशका खेलाडीहरूले राष्ट्रिय स्तरमा उत्कृष्ट प्रदर्शन गर्दै प्रदेशको गौरव बढाउने विश्वास लिएको छु," उहाँले भन्नुभयो। साथै उहाँले सहभागीहरूलाई खेलभावना, निरन्तर मेहनत र एकताको भावनासहित प्रशिक्षणमा सक्रिय रहन आग्रह गर्नुभयो। उक्त तालीममा विभिन्न खेल विधाका प्रशिक्षकहरू, खेलाडी प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता रहेको छ । कार्यक्रम मार्फत दक्ष प्रशिक्षक उत्पादन भई प्रदेशको खेलकुद क्षेत्रको विकासमा टेवा पुग्ने अपेक्षा गरिएको आयोजकले जनाएको छ ।

# वास्तविक सुकुम्वासीको पहिचान गरी व्यवस्थापन गर्न सरकारलाई पत्रचार

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ११ बैशाख**




राष्ट्रिय मानवअधिकार आयोगले वास्तविक सुकुम्वासीको पहिचान गरी आवश्यक व्यवस्थापन गर्न सरकारलाई पत्रचार गरेको छ ।

यही वैशाख १२ गतेदेखि काठमाडौँको बागमती किनारसहित विभिन्न स्थानमा बसोबास गरिरहेका सुकुम्वासीका अवैध घरटहरा हटाउने भन्ने विषयमा आयोगले वास्तविक सुकुम्वासीको पहिचान गरी व्यवस्थापन गर्न सरकारलाई पत्रचार गरेको हो ।

आयोगले पत्राचारमा भनेको छ, "आयोगका सिफारिस र सर्वोच्च अदातलबाट भएका आदेशको कार्यान्वयन गर्दै वास्तविक सुकुम्वासीको पहिचान एवं आवश्यक व्यवस्थापन गरी अतिक्रमित जग्गाका घरटहरा खाली गराउने क्रममा अत्यधिक बलको प्रयोग नगर्नरनगराउन र संयमित हुन नेपाल सरकारसँग आग्रह गर्दछ।" आयोगले विगतमा गरेका सिफारिसको कार्यान्वयन भएरनभएका सम्बन्धमा जानकारी माग गर्दै आजै नेपाल सरकारलाई पत्राचार गरेको आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्ले जानकारी दिनुभयो । "आयोगबाट विसं २०६९ जेठ १ गते वास्तविक सुकुम्वासीको पहिचान गरी निजहरूको बसोबासको वैकल्पिक व्यवस्था मिलाएर मात्र सुकुम्वासी व्यवस्थापन गर्ने, अन्य अवैध संरचना हटाउन सिफारिस गर्ने निर्णय भएको थियो", उहाँले भन्नुभयो ।

# दलतन्त्रको जरा काट, लोकतन्त्रको होइन

आज लोकतन्त्र दिवसमा प्रधानमन्त्री वालेन्द्र शाहले मतदातालाई संसद्को रोस्ट्रमबाट धन्यवाद वा आशाको सन्देश दिएका छन् । प्रधानमन्त्री बालेनको नेतृत्वमा मन्त्रीहरू कमजोर छन् र सचिवालयका पात्रहरूले निर्णयमा प्रभुत्व राखेका छन् । सरकारले निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने निर्णयले स्थानीय मिडियाको अस्तित्व संकटमा पारेको छ । आज लोकतन्त्र दिवस । जेनजी विद्रोहले दलतन्त्र र वृद्धतन्त्रको विकल्प खोज्दै नयाँ शक्ति र अनुहारलाई राज्यसत्ताको साँचो सुम्पिएको छ । मानिसहरू अभूतपूर्व विजयपछि प्रधानमन्त्री बनेका वालेन्द्र शाह (बालेन) को बोली सुन्न चाहिरहेका छन् ।

मतदातालाई संसद्को रोस्ट्रममा उभिएर कम्तीमा एउटा धन्यवाद र आशाको सन्देश दिन्छन् भन्ने धेरैको अपेक्षा थियो । तर, संसद्देखि सडकसम्म प्रधानमन्त्रीको मौनता बिझाइरहेको छ । 'लोकतान्त्रिक शासन व्यवस्थामा नेताको निजी स्वभाव वा शैलीभन्दा पनि लोकतान्त्रिक मूल्य-मान्यता र अभ्यासले राज्य शासन व्यवस्थालाई र जनतालाई सम्बोधन गरिनुपर्दछ' जेनजी अगुवा रक्षा बमले सामाजिक सञ्जालमा यसबारे प्रतिक्रिया दिँदै लेखिन्, 'जनतालाई आफ्ना समस्याहरूको प्राविधिक समाधान मात्रै होइन, नेतृत्वको मनोवैज्ञानिक साथ पनि चाहिने गर्दछ ।' रक्षाले यस्तो शैलीबाट शासन चलाउने सोचको पहिलो खुड्किलाबाटै फर्कन आग्रह गर्दै भनिन्, 'पछिल्लो आमनिर्वाचनले दिएको यो उत्कृष्ट लोकतान्त्रिक अवसरलाई संकुचित सोच र सीमित शैलीमा प्रयोग गरेर उपलब्धि हासिल गर्न सकिन्छ भन्ने कुरालाई सच्याउनुस्।'

कुनै पनि सक्षम व्यक्ति एउटा व्यक्तिका रूपमा सीमित हुने भएकोले पुरानाहरू जस्तै आफूलाई असीमित ठान्ने भूल नदोहोऱ्याउन बालेनलाई रक्षाको चेतावनी थियो । तर, केही आशाका बावजुद कतिपय निर्णय र शैलीले बालेनले आफू असीमित छु भन्ने भ्रम पालिरहेका छन् कि भन्ने संशय सुरु भएको छ । मोबाइल लोकतन्त्रमा संवादहीनता : एमाले नेता सुरेन्द्र पाण्डेको शब्दमा यो मोबाइल लोकतन्त्रको युग हो । उनी भन्छन्, 'हातमा मोबाइल बोकेर लोकतन्त्रको प्रयोग गर्ने युवा जमातले त्योभन्दा उन्नत स्तरको लोकतान्त्रिक पद्धति खोज्छ ।' यसअघि प्रतिनिधिमूलक लोकतन्त्र एउटा निश्चित मान्यतामा चलिरहेको थियो । जनताले पाँच वर्षमा एकपटक भोट हालेर आफ्नो सार्वभौमसत्ता दल वा नेतालाई सुम्पिन्थे । नेताले उनीहरूको तर्फबाट निर्णय गर्थे । प्रश्न गर्ने सबै झोले हुँदैनन् र सेपले खाएर ख्याउटिएका बगैंचामा सबै बिरुवा झार हुँदैनन् । सरकारले दलतन्त्रको जरा काटोस् । तर लोकतन्त्रका जरा नकाटिऊन्, बिरुवा नउखेलिऊन् भनेर पनि उत्तिकै ध्यान देओस् । सत्ताको केन्द्रमा बस्नेहरूसँग मात्र ज्ञान र सूचनाको एकाधिकार हुन्थ्यो जसले गर्दा शक्ति केन्द्रीकृत र नेतृत्वमा एकप्रकारको प्रभुत्व स्थापित हुन्थ्यो । यो प्रणालीमा राज्य र नागरिक बीच, जनप्रतिनिधि र मतदाता बीच सूचनाको ठूलो खाडल बन्यो । त्यसैले नागरिकमा उकुसमुकुस र आक्रोश चुलियो । अहिले त हात-हातमा पुगेको स्मार्टफोन र इन्टरनेटले पुरानो एकाधिकार भत्काइदिएको छ । अब आफैं सूचनाको उत्पादक र विश्लेषक बनेको नयाँ पुस्ता सूचनाको लामो पर्खाइमा बस्दैन । नागरिकहरू अब भोट हालेर पाँच वर्ष मौन बस्ने 'निष्क्रिय मतदाता' रहेनन्। उनीहरू नीति-निर्माण, बजेट विनियोजन र नेताका दैनिक गतिविधिमाथि रियल-टाइम जानकारी लिन र निगरानी राख्न सक्ने भएका छन् । यसले परम्परागत प्रतिनिधिमूलक व्यवस्थालाई धकेलेर सहभागितामूलक र अनुगमनमुखी लोकतन्त्रतर्फ रूपान्तरण गर्दैछ । कमजोर मन्त्रीहरू र मौन प्रधानमन्त्रीः नेपालमै पनि पछिल्लो समय युवा पुस्ताले डिजिटल प्लेटफर्मको प्रयोग गरेर जसरी पुराना शक्ति संरचनालाई चुनौती दिए र नयाँ राजनीतिक उभार ल्याए, त्यो यसैको ज्वलन्त उदाहरण हो । तर यही बदलावको भऱ्याङ चढेर सत्तामा उक्लिएका प्रधानमन्त्री वालेन्द्र शाह नागरिकसँग फिटिक्कै संवाद गरिरहेका छैनन् । उनले संवाद गरिरहेका छन्– सांसद, मुख्यमन्त्री लगायतसँग । यसको भिडियो पनि आउँछ तर आवाज सुन्न पाइन्न । प्रधानमन्त्रीको धारणा बुझ्न कि उनको र्‍याप सुन्नुपर्छ कि उनको जेस्चर र पोस्चर हेरेर अनुमान गर्नुपर्छ । कि उनीसँग संवाद गरेर फर्किएकाहरूले क्युरेट गरेर





सुनाएका सूचना र अनुभूति सुन्नुपर्छ । हो, लोकतान्त्रिक शासन व्यवस्थामा नेताको निजी स्वभाव वा 'स्वाग' भन्दा पनि लोकतान्त्रिक मूल्य-मान्यता र जनसंवादले शासन व्यवस्था चल्नुपर्छ । कुनै व्यक्तिको आत्मविश्वासी शैली अर्थात् 'कुल' देखिने अन्दाज वा बेग्लै एटिट्युडलाई नयाँ पुस्ता 'स्वाग' भन्दा रहेछन् । जब कोही व्यक्ति निकै आत्मविश्वासका साथ बोल्छ, हिंड्छ वा पहिरन लगाउँछ र त्यसले अरूलाई प्रभावित पार्ने आकर्षक 'लुक्स' वा 'भाइब' दिन्छ, त्यसलाई 'स्वाग' भनिनेरहेछ। विशेषगरी हिपप र र्‍याप संगीतको संस्कृतिबाट लोकप्रिय बनेको यो शब्द प्रधानमन्त्री बालेनका लागि ठिकै छ । तर लोकतन्त्रमा यसको अर्थ र मर्म फरक हुनसक्छ । नेताको व्यक्तिगत अन्दाज, स्टाइल वा हाउभाउले मात्र राज्य चल्दैन, त्यसका लागि लोकतान्त्रिक मूल्य-मान्यता र सुझबुझ चाहिन्छ नै । काठमाडौंको मेयर रहँदा बालेन्द्रले स्थानीय तहको अधिकार प्रयोग गर्दै सामुदायिक विद्यालय सुधारको काम गरेर प्रशंसा पाए । तर प्रधानमन्त्री भएपछि भर्नाको समय सार्ने निर्णय गरेर स्थानीय तहको अधिकारमाथि हस्तक्षेप गरे ।

शिक्षा मन्त्रालय स्रोत भन्छ- यो प्रधानमन्त्री कार्यालयको निर्देशनमा गरिएको काम हो । यति धेरै आलोचना हुँदा पनि यो निर्णय किन गरियो ? प्रधानमन्त्रीको सोच र अभीष्ट थाहा पाउन सकिएको छैन । सिंहदरबार स्रोतहरू भन्छन- मन्त्रालयहरूमा बालेन सचिवालयका पात्रहरू खटाइएका छन् । मन्त्रीहरूभन्दा उनीहरू बलशाली र निर्णायक छन् । यसको अर्थ हो- अधिकांश मन्त्री बुख्याचाको जस्तो भूमिकामा छन् । उनीहरू आफ्नो विवेकअनुसार बोल्न र काम गर्न स्वतन्त्र छैनन् । त्यसैले उनीहरूले गर्ने जनसंवाद र दिने स्पष्टीकरणको कुनै अर्थ छैन । जर्मन दार्शनिक जर्गेन हाबरमास भन्ने गर्थे, 'लोकतन्त्र सार्वजनिक वृत्तमा हुने तार्किक संवादमा अडेको हुन्छ ।' प्रधानमन्त्रीले नागरिकसँग संवाद गर्दा समाजमा एउटा बहस सिर्जना हुन्छ । तर मौन रहँदा नागरिकहरूले सरकारी निर्णयहरूमा अपनत्व महसुस गर्न छाड्छन् । यसले सिर्जना गर्ने शून्यतालाई अफवाह, गलत सूचना र पपुलिज्मले भरिदिन्छ । फेरि प्रोक्रस्टिसको ओछ्यान : विश्वविद्यालयमा भ्रष्टाचारको अखडा बनेका विद्यार्थी र प्राध्यापक संगठन विरुद्ध कदम चालिएका छन् । ट्रेड युनियनको नाममा दलका झोला बोक्ने कर्मचारी संगठन खारेज गर्ने भनिएको छ । यी राम्रा प्रयास हुन् । तर, यी सबै काम सरोकारवालासँग एकपटक पनि संवाद नगरी, बल प्रयोग गरेर र आदेशका भरमा गर्न खोजिंदैछ । यो शैलीले 'हामीले म्यान्डेट पाइसक्यौं, अब हामी जे सही देख्छौं त्यही गर्छौं' भन्ने बहुमतको अधिनायकवादलाई संकेत गर्छ । अहिले सत्ताको कार्यशैली हेर्दा ग्रीक मिथकको पात्र प्रोक्रस्टिसको झल्को आउँछ । प्रोक्रस्टिस एउटा यस्तो लुटेरा थियो, जसले आफ्ना पाहुनालाई फलामको ओछ्यानमा सुताउँथ्यो । पाहुना लामो भए खुट्टा काटिदिन्थ्यो, छोटो भए तन्काएर ओछ्यान बराबर बनाउँथ्यो ।

अर्थात्, ओछ्यानलाई मान्छेअनुसार होइन, मान्छेलाई ओछ्यानअनुसार काटछाँट गर्थ्यो । नेपालका पुराना दलहरूले पनि सत्तामा पुगेपछि आफ्ना व्यक्तिगत र गुटगत स्वार्थका साँघुरा फ्रेममा अटाउन नीति र विधिलाई यसैगरी काटछाँट गरे । फरक मतलाई निर्ममतापूर्वक दबाए । यसकै विरोध गरेर सत्तामा आएको नयाँ पुस्ताको सरकारले पनि 'पहिले थुन्ने अनि सुन्ने' क्रूर बाटो समातेको छ । प्रमाण र कानूनी विधि पूरा गरेर अघि बढ्दा नागरिकको विश्वास बढ्छ, तर भीडको ताली र पपुलिजमको नसामा परेर विधि मिच्न थालियो भने त्यो प्रोक्रस्टिसको ओछ्यान जस्तै बन्नेछ । नियति हामी सबैले देखे-भोगेकै छौं । विज्ञापन नाकाबन्दी र न्युज डेजर्टको त्रास : विज्ञापन बजारको विकृति अन्त्य गर्ने भन्दै सरकारले नयाँ निर्णय गऱ्यो । तर यही सुन्दर आवरणमा निजी सञ्चारमाध्यमलाई सरकारी विज्ञापन नदिने डरलाग्दो निर्णय पनि घुसाइयो । सञ्चारमाध्यमको प्राण हो विज्ञापन । सरकारी मिडिया सरकारको मुखपत्र मात्र बन्ने र निजी मिडिया कर्पोरेट विज्ञापनमा मात्र भर पर्दा कर्पोरेट स्वार्थ हाबी हुन्छ । यस्तोमा सरकारी विज्ञापनले स्वतन्त्र प्रेसलाई स्वतन्त्रताको मूल्य जोगाउन सहयोग हुन्थ्यो । रोगको उपचार गर्ने नाममा बिरामीको ज्यानै लिने यो कदमले विशेषगरी स्थानीय मिडियाको घाँटी निमोठ्नेछ । राजनीतिशास्त्रको चर्चित सिद्धान्त न्युज डेजर्टले भन्छ- स्थानीय मिडिया मरे भने लोकतन्त्रले बिस्तारै अन्धकारको यात्रा शुरु गर्छ । सन् २०१८ मा अमेरिकामा गरिएको एक अनुसन्धानले स्थानीय पत्रिका बन्द भएका शहरहरूमा भ्रष्टाचार र कर वृद्धि ह्वात्तै बढेको देखाएको थियो । एक नम्बर गियरबाट गाडी एकैचोटि चार नम्बरमा लग्दा धेरै अवस्थाहरूमा ध्यान दिने कला, सीप र अनुशासन चाहिन्छ । गति र मतिमा सन्तुलन हुनुपर्छ । हिरा फोड्ने मौकैमा हो, तर हथौडाको प्रहार सही ठाउँमा हुनुपर्छ ।

अमेरिकाकै बेल सिटीमा स्थानीय पत्रिका बन्द हुँदा त्यहाँका अधिकारीले वर्षौंसम्म कसरी नगरको करोडौं डलर लुटे भन्ने दृष्टान्त संसारभरि सम्झने गरिन्छ । नेपालमा पनि स्थानीय मिडिया बन्द भएपछि वडाध्यक्ष र मेयरहरूको स्वेच्छाचारितालाई कसले निगरानी गर्ने ?

**सांभार : अनलाइन खबर ।**




"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday